(आ.व. २०८२/०८३) वैठक नं.

आज मिति २०८३ साल वैशाख १४ गते सोमवारका दिन हरिपुर नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा<br>का.मु.वडा अध्यक्ष [illegible] चौधरी | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | जयराम नेपाल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८३।०१।१४

**मिति २०८३/०१/१४ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।

२. आ.व. २०८३।०८४ को मार्गदर्शन सम्वन्धमा ।

३. विषय क्षेत्रगत बजेटको सीमा निर्धारण सम्वन्धमा ।

४. वडा समितिको बजेट सीमा निर्धारण सम्वन्धमा ।

५. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा यस नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८३।०१।१० गते भएको वैठकको आ.व. २०८३।०८४ को शाखा/वडागत बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन मार्गदर्शनको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८३।०१।१० गते भएको वैठकको आ.व. २०८३।०८४ को विषय क्षेत्रगतहरुलाई रकम विनियोजित गर्ने बजेटको सीमा निर्धारण गर्न नगर प्रमुख ज्यूलाई जिम्मेवारी दिने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिकाको अन्तर्गत वडाहरुलाई रकम रु. ७०,००,०००।०० बजेट सीमा निर्धारण गर्न मिति २०८३।०१।१० गते श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।